# पाठ-योजना तयार गरिने विधि

Teaching -plan

# पाठ-योजना

विद्यार्थी अध्यापकको नाम:-------------------
विद्यालयको नाम:-----------------------------
सहयोगी अध्यापक/पर्यवेषकको नाम---------
शीर्षक :------संज्ञाको परिभाषा

दिनाङ्क--------------------------
कालाशं:---प्रथम /अवधि -४०--
कक्षा / वर्ग----------------------
विषय--------नेपाली  व्याकरण

## शिक्षण-विन्दु-

विद्यार्थीवर्गलाई संज्ञाका परिभाष संग अवगत गराउनु ।

## शैक्षणिक उद्धेश्य-

१.विद्यार्थीवर्गलाई संज्ञाको परिभाषासंग राम्ररी परिचय गराउनु ।
२. संज्ञाको परिभाषा बारे विद्यार्थीवर्गलाई जानकारी प्रदान गर्नु ।

## शैक्षिक संसाधन( शिक्षण सहायक सामग्री)

कक्षामा उपस्थित विभिन्न वस्तु तथा ठाउँ आदि देखाउनुहोस् ।

## प्रयुक्त शैक्षिक पद्धति

व्याकरणका उक्त एकाइलाई पढाउनको निम्ति प्रश्नोत्तर अनि आगमन-निगमन-विधिको प्रयोग भइरहेछ।

| अपेक्षित अधिगम निष्कर्ष | क्रमिक अधिगम क्रियाकलाप | श्यामपट्ट –कार्य |
|---|---|---|
| अध्यापक उदाहरण-प्रस्तुति-क्रममा केही यस्ता वाक्यहरूलाई राम्ररी सोच विचार गरी विद्यार्थीवर्ग समक्ष दिन आवश्यक छ जसमा संज्ञाका सन्दर्भ मुख्य रूपमा आएको होस् । | **प्रस्तावना-**<br>विद्यार्थीहरूलाई पूर्व ज्ञानको आधारमा केही वाक्यहरूलाई उनीहरूका अधाडि प्रस्तुत गरिन्छ र शिक्षकले त्यसमा आधारित प्रश्नहरू सोध्नेछन् ।<br><br>उदाहरण- प्रस्तुति<br>१.राम एक असल विद्यार्थी हुन् ।<br>२. दार्जिलिङ ऐतिहासिक शहर हो ।<br>३. चौरस्तामा धेरै भीड छ ।<br>४. चौकी काठले बनिएको छ ।<br>५. सुनको मूल्य अधिक बडेको छ ।<br>६. वाल्यकाल निश्चिन्ताको अवस्था हो । | नाम- संज्ञा<br>संज्ञाको परिभाषा |

| | | |
|---|---|---|
| उत्तर दिने क्रममा,विद्यार्थीवर्गले थाहा पाउनेछन् कि जुन प्रश्नको उत्तर दिइन्छ त्यो एक अर्काको नाम सित सम्बन्धित छ। | (अध्यापक- प्रश्न)<br>१.को एक असल विद्यार्थी हुन् ?<br>( विद्यार्थी- उत्तर) **राम ।**<br>२. कुन ऐतिहासिक शहर हो ?<br>( विद्यार्थी- उत्तर) दार्जिलिङ।<br>३. कहाँ धेरै भीड छ ?<br>( विद्यार्थी- उत्तर) चौरस्ता ।<br>४. चौकी के ले बनिएको छ ?<br>( विद्यार्थी- उत्तर) काठ ।<br>५. कसको मूल्य अधिक बडेको छ ?<br>( विद्यार्थी- उत्तर) सुनको ।<br>६. कुन अवस्था निश्चिन्ताको अवस्था हो ?<br>( विद्यार्थी- उत्तर) बाल्यकाल । | |
| अध्यापकद्वारा विद्यार्थीवर्गको सक्रियतामा नियमीकरण गरिनाले संज्ञाको परिभाषा स्पष्ट हुँदछ। | **पाठको विकाश**<br>विद्यार्थीद्वारा दिएको उत्तरको सन्दर्भमा अध्यापक प्रश्न गर्दछन् –तपाईले जुन अत्तर दिनुभएको थियो त्यसमा को ससामान्ता छ ?<br>( विद्यार्थी- उत्तर) सम्पूर्ण उत्तर कुनै नकुनै नाम सित सम्बन्धि छ ।<br>अध्यापक कथन--नामलाई संज्ञा पनि भनिन्छ ? | संज्ञा |

| अपेक्षित अधिगम निष्कर्ष | क्रमिक अधिगम क्रियाकलाप | श्यामपट्ट-कार्य |
|---|---|---|
| संज्ञाको परिभाषा | नियमीकरण –पर्व उदाहरणको आधारमा गरिएको प्रश्नको उत्तरमा अध्यापकले संज्ञाको परिभाषाली नियमबद्ध रूपमा दिन्छन् ------<br>कुनै व्यक्ति, वस्तु,स्थान,द्रव्य आदिको नामलाई संज्ञा भनिन्छ ।<br>आवृत्ति- विद्यार्थीवर्गले उक्त परिभाषालाई आवृत्ति गर्दछन् ।<br>अध्यापकको निर्देशमा विद्यार्थीवर्गले श्रेणीमा नयाँ वाक्य,उदाहरण प्रस्तुत गर्दछन् अनि त्यसैको आधारा प्रश्न गरिन्छ । दोस्रो विद्यार्थीले त्यस प्रश्नको उत्तर दिदै संज्ञाको परिभाषा दोहोरयाउँछन् । | |
| मूल्याङ्कनबाट प्राप्त निष्कर्षद्वारा शिक्षकले आफ्नो शिक्षण प्रक्रिया लाई अवलोकन तथा आकलन गरी जहाँ संशोधन साथै सुधारको आवश्यकता छ त्यसमा सुधार गर्ने प्रयास गर्नेछन् । | **मूल्याङ्कन –**<br>विद्यार्थीवर्गले संज्ञाको परिभाषा कसरी बुझे यसको जानकारीका निम्ति उसलाई निम्नलिखित प्रश्नहरू सोधिन्छ –<br>१ नामलाई व्याकरणमा अन्य कुन रूपमा चिनिन्छ ?<br>२. संज्ञाको परिभाषा देऊ ?<br>३. परिभाषाको आधारमा संज्ञाको उदाहरण देऊ ? | |

| | | |
|---|---|---|
| गृहकार्यका निम्ति प्रश्नहरूका उत्तर लेख्नेक्रममा विद्यार्थीले संज्ञाको प्रकृतिलाई पुनः बोध गर्न सक्दछन् । | प्रश्न ४संज्ञाको परिभासंग अन्य कुनै नाम जोडन सकिन्छ ?<br>प्रशन ५ केटा, हाँस्नु ,भीड कुन संज्ञा हो<br>प्रश्न ६ निम्नलिखित शब्दहरूबाट संज्ञा शब्द छानेर लेखः-<br>मोबाईल ,कम्प्युटर ,क्रोध, शान्त, चाँदी, पुलिस , राजा, कमजोर ।<br><br>गृहकार्य –<br>विद्यार्थीवर्गलाई श्यामपट्टमा गृहकार्यका निम्ति केही प्रश्नहरू दिहिन्छ । | गृहकार्य हेतु प्रश्न<br>१ संज्ञाको परिभाषा लेख ?<br>२ संज्ञाको केही उदाहरण लेख ? |